नेपालका परराष्ट्र मन्त्री श्री एनपी साउद र भारतीय विदेश मन्त्री श्री एस जयशंकरको उपस्थितिमा माननीय उर्जा जलश्रोत तथा सिचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतको समुपस्थितिमा उर्जा जलश्रोत तथा सिचाई सचिव श्री गोपाल प्रसाद सिग्देल र भारतको विद्युत् मन्त्रालयका सचिव श्री पंकज अग्रवाल बीच मिति २०८०-९-१९ गते नेपाल-भारत दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौता बमोजिम आपसी हित हुने गरी नेपाल भारत वीच दिर्घकालिन विद्युत व्यापार गर्न आवश्यक कदम चाल्ने, क्षेत्रीय व्यापारलाई अझ बृदि गर्ने र दुई मुलुक विच विद्यमान, कार्यन्वयनमा रहेका र प्रस्तावित अन्तरदेशिय प्रशारणलाई महतम उपयोग गरिने छ । नविकरणीय ऊर्जा क्षेत्र विशेषत: जलविद्युत आयोजनाको विभिन्न खण्डमा नेपाल र भारतको लगानी बढाउन प्रोत्साहन गरिने छ । साथै नेपाल र भारत विच विभिन्न अन्तरदेशिय प्रशारण लाइन आयोजनाको विकास यथाशिघ्र गरिने छ । दुवै पक्ष बीच विद्युत निर्यातको परिमाण १० बर्षमा १०,००० (दश हजार) मे.वा. सम्म पुर्याउने तथा यसको लागि आवशयक विद्युत उत्पादन तथा प्रशारण संरचनाहरुको निर्माण र विकास गरिने छ । यस सम्झौताको अवधि २५ वर्ष रहेको छ र सम्झौता प्रत्येक १० वर्षमा स्वत: नविकरण हुनेछ । यस सम्झौता बमोजिम सम्झौताको अवधि वा द्वीपक्षीय व्यापारको परिमाण थप गर्नु परेमा प्रशारण लाइनको क्षमताको आधारमा कुनै पक्छ्य पेश गरेको प्रस्तावको आधारमा नेपाल भारत विद्युत क्षेत्रको सहकार्यको लागि गठित Joint Steering Committee/ Joint Working Group ले गरे बमोजिम हुने छ ।

साथै नेपालका परराष्ट्र मन्त्री श्री एनपी साउद र भारतीय विदेश मन्त्री श्री एस जयशंकर द्वारा कुशाहा (नेपाल) - कटैया (भारत) १३२ केभीको सेकेण्ड सर्किट, परवानीपुर (नेपाल) - रक्सौल (भारत) १३२ केभी सेकेण्ड सर्किट र

मैनहिया (नेपाल) - न्यू नौतनवा (भारत) १३२ केभी प्रसारण लाइनको उद्घाटन समेत भएको  छ ।

साथै नविकरणीय उर्जा को विकास (Solar/Wind) र उर्जा क्षेत्रमा Capacity Building मा सहकार्य गर्ने नेपाल बिद्युत प्रधिकरण र एनटिपीसी भारत बिच MOU मा सम्झौता समेत भएको छ । उक्त सम्झौतामा नेपाल बिद्युत प्रधिकरणको तर्फ बाट उपकार्यकारी निर्देशक प्रदिप थिके र एनटिपीसी भारतको तर्फ बाट जनरल मेनेजर, अन्तरास्ट्रिय व्यापार डा. जतिंदर सिंह चाँडोक ले हस्ताक्षर गर्नु भएको थियो ।